## सत्यवती गाउँपालिका

# आर्थिक ऐन - २०७५

## गाउँसभाबाट स्वीकृत मितिः-२०७५।०३।२९


सत्यवती गाउँपालिका
गुल्मी, ५ नं.प्रदेश
नेपाल

## सत्यवती गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना:** सत्यवती गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सत्यवती गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ।
(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि लागू हुनेछ ।

२. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

३. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**५.** **वार्षिक सडक करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (४) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

६. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (६) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

८. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (७) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

९. **सेवा शुल्क, दस्तुरः** गाउँपालिका/नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (८) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **एकिकृत सम्पति करः** एकिकृत सम्पति कर विस्तृत अध्ययन गरेपश्चात् मात्र लगाइने र असुल उपर गरिनेछ ।

११. **निकाशी करः** कानूनअनुसार ओसारपसार गर्न छुट भएका जीवजन्तुजन्य र अन्य पदार्थको ओसारपसारमा अध्ययन पश्चात् अनुसुचि (९) अनुसार लगाइने र असुल उपर गरिनेछ ।

१२. **अन्य करः** माथि उल्लिखित करका अतिरिक्त करहरु अनुसुचि (१०) अनुसार लगाइने र असुलउपर गरिनेछ।

१३. **प्रदेश कानून बमोजिम हुनेः** घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र प्राकृतिक स्रोत शुल्क प्रदेश कानून बमोजिम लगाइने, असुल उपर गरिने र बाँडफाँड हुनेछ।

१४. **दर घटाउन, बढाउन वा छुट दिन सकिनेः (१)**प्रचलित कानूनमा जुनसकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यस ऐन बमोजिम लगाइएका शुल्क र करको दर घटाउन, बढाउन वा आंशिक रुपमा छुट दिन सक्नेछ। त्यस्तो दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना स्थानीय राजपत्रमा प्रकाशित गर्नु पर्नेछ।यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

**(२)** उपदफा (१) बमोजिम दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचनाको विवरण प्रत्येक वर्ष गाउँ कार्यपालिकाले गाउँसभामा पेश गर्नु पर्नेछ।

१५. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँ कार्यपालिकाले तोके अनुसार हुने छ ।

## अनुसूचि १
## (दफा २ सँग सम्बन्धित)
## भुमि कर/मालपोत

| क्र.सं. | कर/शुल्क | विवरण | दर |
|---|---|---|---|
| १ | मालपोत/ भुमि कर (प्रति रोपनी) | **बारी** | |
| | | अब्बल (१० रोपनी भन्दा कम ) | ३०।०० |
| | | अब्बल (१० वा बढी रोपनी) | प्रति रोपनी ४।०० रूपैया |
| | | दोयम (१० रोपनी भन्दा कम ) | २५।०० |
| | | दोयम (१० वा बढी रोपनी) | प्रति रोपनी ३।०० रूपैया |
| | | सीम (१० रोपनी भन्दा कम ) | २०।०० |
| | | सीम (१० रोपनी भन्दा बढी ) | प्रति रोपनी २।५० रूपैया |
| | | चाहार (१० रोपनी भन्दा कम ) | १५।०० |
| | | चाहार (१० रोपनी भन्दा बढी ) | प्रति रोपनी २।०० रूपैया |
| | | **खेत** | |
| | | अब्बल (१० रोपनी भन्दा कम ) | ४०।०० |
| | | अब्बल (१० वा बढी रोपनी बढी ) | प्रति रोपनी ५.०० रूपैया |
| | | दोयम (१० रोपनी भन्दा कम ) | ३०।०० |
| | | दोयम (१० वा बढी रोपनी ) | प्रति रोपनी ४।०० रूपैया |
| | | सीम (१० रोपनी भन्दा कम ) | २५।०० |
| | | सीम (१० वा बढी रोपनी ) | प्रति रोपनी ३।०० रूपैया |
| | | चाहार (१० रोपनी भन्दा कम ) | २०।०० |
| | | चाहार (१० रोपनी भन्दा बढी ) | प्रति रोपनी २।५० रूपैया |
| | नोटः २ वर्षभन्दा लामो समय सम्म कर नबुझाउनेलाई जम्मा कर रकममा २५%,५ वर्षभन्दा बढी समय नबुझाउनेलाई ५०%,र १० वर्षभन्दा लामो समय कर नबुझाउनेलाई १००% थप जरिवाना लाग्नेछ । तर आव ०७५।७६ भन्दा अगाडिको मालपोत रकम र जरिवाना साबिककै नियम र दररेट अनुसार लाग्नेछ । | | |

## अनुसूचि २
## (दफा ३ सँग सम्बन्धित)
## घर बहाल कर

| क्र.सं. | कर/शुल्क | विवरण | दर |
|---|---|---|---|
| १ | घर बहाल कर | कोठा वा घरभाडाको | १० प्रतिशत |

## अनुसूचि ३
## (दफा ४ सँग सम्बन्धित)
## व्यवसाय कर

| क्र.सं. | कर/शुल्क | विवरण | दर |
|---|---|---|---|
| १ | मदिरा पसल | वितरक | ३००० |
| | | थोक | २००० |
| | | खुद्रा | १००० |
| २ | चुरोट बिडी सुर्ती जन्य | वितरक | २००० |
| | | थोक | १५०० |
| | | खुद्रा | १००० |
| ३ | हल्का पेय पदार्थ | वितरक | १५०० |
| | | थोक | १००० |
| | | खुद्रा | ५०० |
| ४ | सुनचाँदी पसल | थोक | १५०० |
| | | खुद्रा पसल र मर्मत | १००० |
| ५ | औषधी पसल | थोक | ३००० |
| | | खुद्रा डाक्टर भएको | २००० |
| | | खुद्रा डाक्टर नभएको | १५०० |
| ६ | माछामासु बिक्री पसल | | १००० |
| ७ | आयुर्वेदिक औषधी पसल | | ५०० |
| ८ | एग्रोभेट पसल | थोक | २००० |
| | | खुद्रा | १००० |
| ९ | स्टेशनरी तथा पुस्तक पसल | थोक | १००० |
| | | खुद्रा | ५०० |

| | | | |
|---|---|---|---|
| १० | छपाइ तथा प्रकाशन | अफसेट प्रेस | २००० |
| | | साधारण प्रेस | १००० |
| ११ | कस्मेटिक पसल | | १००० |
| १२ | मोटर पार्ट्स | थोक | २००० |
| | | खुद्रा | १५०० |
| १३ | प्लाइ तथा ग्लास | थोक | २५०० |
| | | खुद्रा | १५०० |
| १४ | कपडा/फेन्सी/जुत्ताचप्पल/ब्याग पसल | थोक | १५०० |
| | | खुद्रा | १००० |
| १५ | धागो टाक पसल | थोक | १००० |
| | | खुद्रा | ५०० |
| १६ | इलेक्ट्रोनिक पसल (मोबाइल, घडी, क्याल्कुलेटर अडियो, भिडियो, आदि) | वितरक | ३००० |
| | | थोक | १५०० |
| | | खुद्रा | १००० |
| १७ | हार्डवेयर/ मेसिनरी/स्यानिटरी/मार्बल पसल | थोक | ५००० |
| | | खुद्रा | ३००० |
| १८ | पेट्रोलियम पदार्थ | पेट्रोल पम्प | ५००० |
| | | पेट्रोल बिक्री केन्द्र | ३००० |
| | | ग्यास सिलिन्डर सब डिलर | ३००० |
| | | मट्टितेल मात्र बिक्री | २००० |
| १८ | स्टिल आलमुनियम पसल | थोक | २००० |
| | | खुद्रा | १००० |
| २० | फर्निचर | थोक | १५०० |
| | | खुद्रा | १००० |
| २१ | ढुङ्गा तथा गिट्टी बालुवा बिक्री वितरण गर्ने | | २००० |
| २२ | कपडा सिलाइ कटाइ | टेलरिङ आधुनिक | १००० |
| | | हाते मेसिन | निशुल्क |
| २३ | स्नुकर तथा पुल हाउस | | २००० |
| २४ | पशु आहार बिक्री केन्द्र | | १००० |
| २५ | किराना पसल | थोक | १५०० |
| | | खुद्रा | ५०० |

| | | | |
|---|---|---|---|
| २६ | फलफूल/तरकारी पसल | थोक | ८०० |
| | | खुद्रा | ४०० |
| २७ | उपहार/ गिफ्ट/ खेलौना पसल | थोक | १००० |
| | | खुद्रा | ५०० |
| २८ | भाँडा पसल (स्टील, प्लास्टिक,आल्मुनियम सबैथरी) | थोक | १५०० |
| | | खुद्रा | १००० |
| २९ | माटाको भाँडा पसल | थोक, खुद्रा | २०० |
| ३० | विशेषज्ञ परामर्श तथा अन्य व्यावसायी सेवा | चिकित्सक | २००० |
| | | कन्सल्टेन्ट सेवा(इन्जिनियरिङ्ग) | २००० |
| | | कानुन व्यावसायी ल फर्म | २००० |
| | | लेखापरीक्षण व्यावसायी | २००० |
| | | दन्तचिकित्सक | २००० |
| | | अनुसन्धानकर्ता परामर्शदाता | २००० |
| | | पशु चिकित्सक डाक्टर | २००० |
| | | रोजगार सेवा | ३००० |
| ३१ | ढुवानी तथा ट्रान्सपोर्ट | | २००० |
| ३२ | पेन्टर/ साइनबोर्ड लेख्ने | | १००० |
| ३३ | खोटो व्यवसायी | | १००० |
| ३४ | जग्गा व्यवसायी | | २००० |
| ३५ | निर्माण व्यवसायी | | ५००० |
| ३६ | यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा | | ७५० |
| ३७ | ग्रील उद्योग | | २५०० |
| ३८ | जुत्ता उद्योग | | १५०० |
| ३९ | घरेलु कुटिर उद्योग(अगरबत्ती, मैनबत्ती,टीकी, अचार तथा अन्य कुटिर) | | १००० |
| ४० | कपडा तथा गार्मेन्ट उद्यँोग | | ५००० |
| ४१ | सिरक डसना उद्योग पसल | | १५०० |
| ४२ | कुटानी पेलानी/ मिल | | ५०० |
| ४३ | मसला मिल | | १००० |
| ४४ | डेरी उद्योग/ व्यवसाय | | ५०० |

| | | | |
|---|---|---|---|
| ४५ | उपभोग्य वस्तु उत्पादन उद्योग | कुकिज नुडल्स | १००० |
| | | दालमोट पाउरोटी चाउमीन | १००० |
| | | पापड चिप्स फिगर | १५०० |
| ४६ | वनजन्य उद्योग | स मिल प्लाइउड उद्योग | ५००० |
| | | काठ बिक्री डिपो | २००० |
| ४७ | क्रसर÷कन्क्रीट÷इटा भट्टा उद्योग | | ५००० |
| ४८ | ढाकाटोपी पस्मिना उद्योग | | ५०० |
| ४९ | सुर्तिजन्य उद्योग | | ५००० |
| ५० | **होटल लज रेष्टुरेन्ट** | होटल र लज | २००० |
| | | भोजनालय | १००० |
| | | मिठाई पसल | ५०० |
| | | पार्टी प्यालेस | २५०० |
| | | रेष्टुरेन्ट-बार | २००० |
| | | चिया र खाजा पसल | ५०० |
| | | साना,खाजा-नास्ता पसल (मदिरासहित) | २००० |
| ५१ | टेन्ट हाउस | | २००० |
| | **सेवा उद्योग** | | |
| ५२ | सञ्चार | एफ.एम. प्रसारण | २००० |
| | | टावर | १००० |
| | | केवुल च्यानल प्रसारण | २००० |
| | | इन्टरनेट प्रदायक, वाइफाइ सेवा कर प्रति ग्राहक वार्षिक | २५० |
| | | पत्रपत्रिका प्रकाशन सेवा | ५०० |
| | | फोटोकपी, पी.सि.ओ साइबर तथा क्याफे | १००० |
| | | कुरियर सेवा | १००० |
| | | कलर ल्याब | १५०० |
| | | फोटोस्टुडियो | १००० |
| ५३ | वित्तीय | वाणिज्य वैंक प्रति शाखा/केन्द्रिय कार्यालय | ५००० |
| | | विकास वैंक प्रति शाखा/ केन्द्रिय कार्यालय | ५००० |
| | | फाइनान्स कम्पनी शाखा कार्यालय | ५००० |
| | | वित्तीय/ ऋण सहकारी संस्था | २००० |
| | | मनी ट्रान्सफर | १५०० |

| | | | |
|---|---|---|---|
| | | विमा कम्पनी | २००० |
| | | लघु वित्त | २००० |
| ५४ | स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ्ग होम | २५०० |
| | | क्लिनिक तथा ल्याब | १५०० |
| | | चस्मा पसल | १५०० |
| ५५ | शिक्षा सेवा निजी | क्याम्पस | २००० |
| | | मावि | १५०० |
| | | आधारभूत | १००० |
| | | कक्षा १ देखि ५ सम्म | ५०० |
| | | छात्रावास | १००० |
| | | मन्टेश्वरी | १००० |
| | | पूर्व प्राथमिक | ५०० |
| | | ट्युशन सेन्टर | १५०० |
| | | कम्प्युटर / नृत्यकला सिकाइ केन्दर | १००० |
| | | तालीम तथा अनुसन्धान केन्द्र | १००० |
| ५६ | मर्मत सम्भार | टायर-ट्युव मर्मत, रिसोलिङ्ग,हावा भर्ने | १००० |
| | | इन्जिन मर्मत | १५०० |
| | | डेन्टिङ्ग पेन्टिङ्ग | १५०० |
| | | टि.भी, फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी जेनेरेटर, कम्प्युटर, मोबाइल (इलेक्ट्रोनिक) | १००० |
| | | मोटरसाइकल मर्मत | १५०० |
| | | बस,ट्याक्सी लगायतका सवारी साधन मर्मत | २००० |
| | | अन्य विविध मर्मत | १००० |
| ५७ | ड्राइ क्लिनिक, व्युटी पार्लर तथा सैलुन | | १००० |
| ५८ | फूल विरुवा पसल | | ५०० |

अनुसूचि ४

**(दफा ५ सँग सम्बन्धित)**

**वार्षिक सडक कर**

| क्र.सं. | कर/शुल्क | विवरण | दर |
|---|---|---|---|
| १ | वार्षिक सडक कर (सवारी साधन कर) | ब्रेकर एक्साभेटर डोजर हेभी मेसिन | ५००० |
| | | ब्याक हो लोडर | ४००० |
| | | बस ट्रक लरी र हेभी गाडी | ३००० |
| | | भाडाका कार जिप | २००० |
| | | निजी कार, जीप, अटो रिक्सा | १००० |
| | | स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधनमा | १०० |
| | | ठेलागाडा तथा रिक्सामा | ५०० |

**अनुसुचि ५**

**(दफा ६ सँग सम्बन्धित)**

**विज्ञापन कर**

| क्र.सं. | कर/शुल्क | विवरण | दर |
|---|---|---|---|
| १ | विज्ञापन कर सार्वजनिक स्थानमा विज्ञापन वा साइनबोर्ड राखेवापत प्रति वर्ग फुट | यस कर वापतको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँड हुने | १०० |

**अनुसुचि ६**

**(दफा ७ सँग सम्बन्धित)**

**बहाल बिटौरी कर**

| क्र.सं. | कर/शुल्क | विवरण | दर |
|---|---|---|---|
| १ | बहाल बिटौरी शुल्क | टहरो छाप्रोको मासिक | ५० |
| | | घुम्ती मासिक | ५० |
| | | ठेला मासिक | ५० |

**अनुसूचि ७**

## (दफा ८ सँग सम्बन्धित)

## पार्किङ शुल्क

| क्र.सं. | कर/शुल्क | विवरण | दर |
|---|---|---|---|
| १ | पार्किङ्ग शुल्कः प्रतिदिन पार्किङ क्षेत्र बनेपछि | बस , ट्रक, लरी, हेभी गाडी, ट्याक्टर, जीप | २० |
| | | मोटरसाइकल, ठेला गाडा, अटो रिक्सा र अन्य साधन प्रतिघण्टा | १० |

**अनुसूचि ८**

## (दफा ९ सँग सम्बन्धित)

## सेवा शुल्क, दस्तुर

| क्र.सं. | कर/शुल्क | विवरण | दर |
|---|---|---|---|
| १ | घरजग्गा नामसारी सिफारीस | ५ रोपनी सम्म | १०० |
| | | ५ देखि १० रोपनीसम्म | १५० |
| | | १० देखि २० रोपनीसम्म | २०० |
| | | २० देखि ५० रोपनीसम्म | ३०० |
| | | ५० रोपनीभन्दा माथि | ५०० |
| २ | घर कायम सिफारीस | खरको छानो भएको कच्ची घर | ५० |
| | | टिन वा ढुङ्गाको छानो भएको कच्ची घर | २०० |
| | | टिन वा ढुङ्गाको छानो भएको पक्की घर | ३०० |
| | | ढलान गरेको पक्की घर | ४०० |
| नोटः घर कायम गर्दा भुइतला माथि प्रति तलामा थप १०० लाग्नेछ। | | | |
| ३ | सरजमिन/सिफारीस दस्तुर | व्यक्तिगत | १०० |
| | | व्यावसायिक / संस्थागत | ५०० |
| ४ | छात्रवृति सिफारीस | | १०० |
| ५ | विपन्न/असहाय विद्यार्थी छात्रवृति सिफारीस | | निशुल्क |
| ६ | अपाङ्गता भएको सिफारीस | | निशुल्क |
| ७ | अस्थाइ बसोबास सिफारीस | | १०० |
| ८ | स्थायी बसोबास सिफारीस | | १०० |
| ९ | नागरिकता सिफारीस | वंशज | १०० |

| | | | |
|---|---|---|---|
| | | अंगिकृत | ५०० |
| १० | विद्युत जडान सिफारीस | | १०० |
| ११ | धारा जडान सिफारीस | | १०० |
| १२ | जीवित रहेको सिफारीस | | १०० |
| १३ | दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारीस | | २०० |
| १४ | व्यवसाय बन्द सिफारीस | | १०० |
| १५ | व्यवसाय सञ्चालन नभएको सिफारीस | | १०० |
| १६ | व्यापार व्यवसाय नभएको सिफारीस | | १०० |
| १७ | कोर्ट फी मिनाहा सिफारीस | | निशुल्क |
| १८ | योजना सम्जौता सिफारीस | | १०० |
| १९ | नाबालक परिचयपत्र सिफारीस | | ५० |
| २० | चौपाया सम्बन्धी सिफारीस | | ५० |
| २१ | व्यवसाय दर्ता सिफारीस | आन्तरिक | २०० |
| | | वाह्य | ५०० |
| २२ | उद्योग ठाउँसारी सिफारीस | | ५०० |
| २३ | विद्यालय ठाउँसारी सिफारीस | | २०० |
| २४ | आन्तरिक बसाइसराइ सिफारीस | | ५०० |
| २५ | विद्यालय सञ्चालन स्वीकृत कक्षा वृद्दि/ सिफारीस | | ५०० |
| २६ | व्यक्तिगत विवरण सिफारिस/ नवीकरण सिफारीस | | १०० |
| २७ | जग्गा दर्ता सिफारीस | | २०० |
| २८ | संरक्षक सिफारीस | संरक्षक सिफारीस व्यक्तिगत | १०० |
| | | संरक्षक सिफारीस संस्थागत | २०० |
| २९ | नेपालसरकारको नाममा बाटो कायम सिफारीस | | १०० |
| ३० | कोठा खोल्न कार्य रोहबरमा बस्ने सिफारीस | | १०० |
| ३१ | स्वास्थ्य उपचारको सिफारीस | निशुल्क उपचारको लागि | निशुल्क |
| | | सशुल्क उपचारको लागि | १०० |
| ३२ | संस्था दर्ता सिफारीस | आन्तरिक | २०० |

| | | | |
|---|---|---|---|
| | | वाह्य | ५०० |
| ३३ | जग्गा धनीपुर्जा हराएको सिफारीस | | २०० |
| ३४ | परिक्षा शुल्क | श्रेणी विहीन पदमा | २०० |
| | | रापअनं द्वितीय सरहका पदमा | ३०० |
| | | रापअनं प्रथम सरहका पदमा | ४०० |
| | | रापतृतीय सरहका पदमा | ६०० |
| ३५ | जीवित सँगको नाता प्रमाणित | | १०० |
| ३६ | मृतकसँगको नाता प्रमाणित | | १०० |
| ३७ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | | ५०० |
| ३८ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | १०० |
| ३९ | जग्गा मुल्याङ्कन/ आम्दानी सिफारीस तथा प्रमाणित | | ०.१ प्रतिशत |
| ४० | चारकिल्ला प्रमाणित | | २०० |
| ४१ | जन्ममिति प्रमाणित | | १०० |
| ४२ | घर बाटो प्रमाणित | बाटो भएको | २०० |
| | | बाटो नभएको | १०० |
| ४३ | विवाह प्रमाणित | | १०० |
| ४४ | घर पाताल प्रमाणित | | १०० |
| ४५ | कागज/ मञ्जुरिनामा प्रमाणित | | १०० |
| ४६ | हकवाला वा हकदार प्रमाणित | | १०० |
| ४७ | घर सम्पन्न सिफारीस/ प्रमाणित | पक्की | ५०० |
| | | कच्ची | २०० |
| ४८ | अविवाहित प्रमाणित | | १०० |
| ४९ | अपुताली सिफारिस | | १०० |
| ५० | अन्य सिफारीस वा प्रमाणित | व्यक्तिगत | १०० |
| | | संस्थागत | ५०० |
| ५१ | घर नक्सापास दस्तुर | पक्की घर | १००० |
| | | कच्ची घर | ५०० |
| ५२ | नक्सा पास निवेदन फाराम दस्तुर | | १० |
| ५३ | सरसफाइ शुल्क (सरसफाइ | वार्षिक | ६०० |

| | | | |
|---|---|---|---|
| | सम्बन्धी पुर्वाधार बनेपछि लाग्नेछ) | सरसफाइ कार्डको | १०० |
| ५४ | रुख कटान आदेश | रुख कटान आदेश/ सिफारीस | ५०० |
| | | कटान पछि प्रति रुख सुकाठ | २०० |
| | | कटान पछि प्रति रुख कुकाठ | १०० |
| ५५ | घर खाली गराउँदा | | ५०० |
| ५६ | जन्म दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | १०० |
| ५७ | मृत्य दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | १०० |
| ५८ | बसाइसराइ जाने आउने दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | १०० |
| ५९ | सम्बन्धविच्छेद दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | १०० |
| ६० | विवाह दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | १०० |
| ६१ | नया व्यवसाय दर्ता तथा अनुमति | १ लाख सम्मको | २०० |
| | | १ लाख देखि ५ लाखसम्मो | ३०० |
| | | ५ लाखदेखि २० लाख सम्मको | ५०० |
| | | २० लाखदेखि माथि | १००० |
| ६२ | ब्रेकर एक्साभेटर | | १०००० |
| ६३ | ब्याक हो लोडर | | ८००० |
| ६४ | उजुरी दर्ता तथा मुद्दा दस्तुर | | २०० |
| ६५ | सहकारी संस्था दर्ता शुल्क | | १००० |
| ६६ | घ वर्गको निर्माण इजाजत | | ३००० |
| ६७ | संस्था दर्ता | | ५०० |
| ६८ | स्रोत परिचालन शुल्क | हलभाडा प्रतिदिन | १००० |
| | | कुर्सी भाडा प्रतिदिन/ प्रतिगोटा | ५ |
| ६९ | घुम्ती, फिरन्ते वा अस्थायी व्यापारीको साप्ताहिक इजाजत शुक | साना व्यापारी | ५०० |
| | | ठूला व्यापारी | १००० |
| ७० | गैर सरकारी संस्थाहरु इजाजत शुल्क | राष्ट्रिय | २००० |
| | | अन्तराष्ट्रिय | ५००० |
| ७१ | राजपत्र बिक्री शुल्क | वार्षिक ग्राहक | ५९० |
| | | खुद्रा बेच्दा प्रति पाना | १ |
| ७२ | अनुमति पत्र | | १०० |
| नोट: अंग्रेजीमा सिफारीस र प्रमाणित गर्दा दोब्बर शुल्क लाग्नेछ। | | | |

| | |
|---|---|
| | |

अनुसुचि ९

**(दफा ११ सँग सम्बन्धित)**

**निकाशी कर**

| क्र.सं. | कर/शुल्क | विवरण | दर |
|---|---|---|---|
| १ | निकाशी कर/ शुल्क | थारा भैंसी पाडा राँगा प्रति गोटा | १००० |
| | | ढुङ्गा/गिट्टी /बालुवा प्रति ट्रयाक्टर | १०० |
| | | ढुङ्गा/गिट्टी /बालुवा प्रति टिपर वा ट्रक | २०० |
| | | सुकाठ प्रति ट्रयाक्टर | २००० |
| | | सुकाठ प्रति ट्रक वा टिपर | ५००० |
| | | कुकाठ प्रति ट्रयाक्टर | १००० |
| | | कुकाठ प्रति ट्रक वा टिपर | २५०० |

अनुसूचि १०

**(दफा १२ सँग सम्बन्धित)**

**अन्य कर**

| क्र.सं. | कर | विवरण | दर |
|---|---|---|---|
| १ | घर कर | टिनको छाप्रो वा खरको घर | २५ |
| | | खरको छानो भएको तले घर | ५० |
| | | टिनको ढुङ्गाको घर | १०० |
| | | पक्की घर | २०० |
| २ | घाटको दाउरा बिक्री कर | | २००० |